## नागार्जुन नगरपालिका वडा नं. ८ कार्य समिति सदस्यहरू



शुक्र बहादुर तामाङ्ग
**अध्यक्ष**



चन्दा श्रेष्ठ
**सदस्य**



कान्छालाल तामाङ्ग
**सदस्य**



दिना नेपाली
**सदस्य**



माहान बहादुर तामाङ्ग
**सदस्य**


**आर्थिक सहयोग**


नागार्जुन नगरपालिका
८ नं. वडा कार्यालय
भिमढुङ्गा, काठमाडौं

**प्राविधिक सहयोग**

Prakriti Resources Centre


# वडा प्रोफाईल


## वडा नं. ८, भिमढुङ्गा, नागार्जुन नगरपालिका




जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नागार्जुन नगरपालिका
**८ नं. वडा कार्यालय**
भिमढुङ्गा, काठमाडौं
**२०७५**

# वडा प्रोफाईल
## नागार्जुन नगरपालिका वडा नं. ८ (भिमदुङ्गा)




नागार्जुन नगरपालिका
# ८ नं. वडा कार्यालय
भिमदुङ्गा, काठमाडौं

**२०७५**

**नागार्जुन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सीतापाईला, काठमाडौं**
**३ नं. प्रदेश नेपाल**

## शुभकामना मन्तव्य

कुनै पनि मुलुकको जनसाङ्ख्यिक, सामाजिक, आर्थिक, वातावरणीय तथा स्वास्थ्यको अवस्था उक्त देशको समृद्धिसंग जोडिएको हुन्छ । सोहि तथ्याङ्क उजागर गर्न नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभागले प्रत्येक १० वर्षमा राष्ट्रिय जनगणनाको तथ्याङ्क सङ्कलन कार्य सञ्चालन गर्ने कार्यक्रम रहेको छ । यसै सन्दर्भमा नगरपालिकाको सामाजिक विकास कार्य अन्तर्गत नागार्जुन नगरपालिका वडा नं. ८ (साबिक भिमढुङ्गा गा.वि.स) को अवस्थाको तथ्याङ्क सङ्कलन गरि प्रकाशन गर्नु एक सराहनिय कार्य हो । यस प्रकारको प्रकाशनले क्षेत्रगत बजेट विनियोजन गर्न, योजना बनाउनका साथै समस्या पहिचान गरि सम्बोधन गर्न मार्ग प्रशस्त गर्नेछ भन्ने विश्वास लिएको छु । साथै यस अध्ययनले आगामी दिनमा स्थानिय निकाय, समुदाय, संघसंस्था र जनताले ध्यान पुऱ्याउनु पर्ने कुरा र योजनामा प्राथमिकता दिनु पर्ने विषयलाई ध्यानाकर्षण गराउन सफल हुनेछ ।

प्रकृति रिसोर्सेस सेन्टरको प्राविधिक सहयोगमा नागार्जुन नगरपालिका वडा नं. ८ ले वडा भित्रको जनसाङ्ख्यिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक, पर्यटकिय साथै आर्थिक लगायत विभिन्न पक्षलाई समेटेर 'वडा प्रोफाईल' प्रकाशन गरेकोमा खुशी लागेको छ । तथ्याङ्क नै महत्वपूर्ण स्रोत रहेको परिप्रेक्ष्यमा यस प्रकाशनले सरकारी तथा गैह्र सरकारी संस्था, राजनीतिक कर्मी, सरोकारवाला, विद्यार्थीका साथै विभिन्न क्षेत्रमा अध्ययनरत व्यक्ति तथा निकायहरु सबैलाई उपयोगी हुनेछ भन्ने अपेक्षा लिएको छु ।

वडा प्रोफाईल प्रकाशन गर्न लागेकोमा हार्दिक शुभकामना ब्यक्त गर्दै भविष्यमा पनि यस्तो कार्यलाई निरन्तरता दिने काममा सफलता प्राप्त होस साथै वडा कार्यालयले थप प्रगति गर्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु । यस वडा प्रोफाइलको सह्वाना गर्दै पुस्तक तयारीमा प्राविधिक सहयोग दिनु हुने प्रकृति रिसोर्सेस सेन्टर, वडा कार्यालय, समुदाय, सबै निकाय तथा महानुभावहरुको सहयोग र योगदानको प्रशंसा गर्दै धन्यबाद व्यक्त गर्दछु ।

धन्यबाद ।

**मोहन बहादुर बस्नेत**
नगर प्रमुख (मेयर)
नागार्जुन नगरपालिका
सीतापाईला, काठमाडौं

**नागार्जुन नगरपालिका**
**८ नं. वडा कार्यालय**
भिमढुङ्गा, काठमाडौं
**३ नं. प्रदेश, नेपाल**

## मन्तव्य

स्थानीय निर्वाचन सम्पन्न पश्चात स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम मुलुक र जनता प्रति पूर्ण बफादार सत्य निष्ठापूर्वक जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै दिगो विकास र गुणस्तरीय सेवा प्रवाह गर्न वडा तह देखि नै सुदृढिकरण भइरहेको परिप्रेक्ष्यमा काठमाडौं उपत्यका भित्र ५ नगरपालिका मध्येको नागार्जुन नगरपालिका वडा नं. ८ (साविक भिमढुङ्गा गा.वि.स) सिङ्गो वडाको हिसावले पनि महत्व बोकेको छ ऐतिहासिक, धार्मीक, पुरातात्विक, सांस्कृतिक तथा जातिय महत्व भएको कारण विशिष्ट स्थानमा छ ।

यस वडामा बसोबास गरेका सबै परिवारहरुको पारिवारिक विवरण सहित जनसांख्यिक, सामाजिक तथा धार्मीक, वातावरण तथा शिक्षा, स्वास्थ्य लगायत बहु पक्षिय विवरण संकलन गरी 'वडा प्रोफाईल' तयार गर्ने कार्य सम्पन्न भएकोमा खुशी लागेको छ । यो पुस्तक नागार्जुन नगरपालिका ८ नं. वडा कार्यालय, प्रकृति रिसोर्सेस सेन्टर, सरोकारवाला निकाय तथा वडा वासीहरुको सामुहिक प्रयत्नको प्रतिफल हो । पुस्तक तयारीका लागि आवश्यक तथ्याङ्क तथा जानकारीमुलक सूचना उपलब्ध गराईदिनु हुने सम्पूर्णमा हार्दिक आभार सहित धन्यवाद दिन चाहन्छु । यस 'वडा प्रोफाईल' ले वडा भित्रको विविध पक्षको चित्रण गर्नुका साथै नगरपालिका, सरोकारवाला, सामाजिक क्षेत्रमा क्रियाशिल विभिन्न व्यक्तिहरु, निकायहरु लगायत वडा वासीलाई वर्तमान स्थिति जानकारी लिन, भावी कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समेत यथेष्ट सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा वडा प्रोफाईल तयार तथा प्रकाशन गर्न आर्थिक सहयोग गर्ने नगरपालिका, वडा सदस्य, प्राविधिक सहयोग गर्ने प्रकृति रिसोर्सेस सेन्टर, वडा कार्यालय, सर्वेक्षणकर्ता, संघ-संस्था, स्थानिय निकाय तथा समुदायहरुको समन्वय, सहयोग र योगदानको प्रशंसा गर्दै धन्यवाद दिन चाहान्छु । आगामी दिनमा सबैको सहयोगमा यस्ता कार्यहरु निरन्तर भई विकास निर्माण कार्य गर्न सबै वडा वासीहरुमा एकताको भावना जागृत भई हौसला मिलि रहोस भन्ने शुभकामना व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

**शुक्र बहादुर तामाङ**
वडा अध्यक्ष
८ नं. वडा कार्यालय
नागार्जुन नगरपालिका
भिमढुङ्गा, काठमाडौं

# विषय-सुची

**परिच्छेद-१: पृष्ठभूमि** ........ १
नागार्जुन नगरपालिका संक्षिप्त परिचय ........ १
भिमढुङ्गाको संक्षिप्त परिचय ........ ३
**परिच्छेद-२: वडा प्रोफाईलको जानकारी** ........ ५
परिचय र महत्व ........ ५
उद्देश्य ........ ५
तयारी विधि ........ ५
अध्ययनको क्षेत्र तथा दायरा ........ ६
**परिच्छेद -३ बिषयगत विवरण** ........ ७
**खण्ड क : जनसांख्यिक तथा सामाजिक विवरण** ........ ७
१. जनसंख्याको आका ........ ७
२. उमेर समुह अनुसार जनसंख्याको विवरण ........ ७
३. बैबाहिक स्थिति ........ ८
४. शैक्षिक विवरण ........ १०
५. पेशाको आधारमा जनसंख्या ........ ११
६. जन्म दर्ताको अवस्था ........ १३
७. जातीगत विवरण ........ १३
८. धर्मको आधारमा घरधुरी तथा जनसंख्या ........ १४
९. मातृभाषाको आधारमा घरधुरी तथा जनसंख्या ........ १५
**खण्ड ख : आर्थिक विवरण** ........ १६
१. घरको प्रकार ........ १६
२. घरको स्वामित्वको स्थिति ........ १७
३. आम्दानीको मुख्य श्रोत ........ १७
४. ईन्धनको प्रयोग ........ १८
५. खानेपानीको मुख्य श्रोत ........ १९
६. पानी शुद्धिकरणको विधि ........ १९
७. शौचालयको अवस्था ........ २०
८. घरपरिवारमा उपलब्ध सुविधाहरु ........ २०
९. बैंकिङ्ग सुविधाको प्रयोग ........ २१
१०. कृषियोग्य जमिन भएका घरपरिवार ........ २१
११. महिलाको नाममा जग्गा-जमिन ........ २२
१२. घरपालुवा पशुपंक्षी भएका घरपरिवार ........ २२
**खण्ड ग : वातावरण तथा स्वास्थ्य** ........ २४
**१. वातावरण सम्बन्धी विवरण** ........ २४
१.१ घर परिसरमा रुख-बिरुवा ........ २४
१.२ वर्षातको पानी संकलन तथा भण्डारण ........ २४

५.३ फोहर मैला व्यवस्थापन ........................................................................ २५
५.४ फोहर मैला व्यवस्थापन विधि ..................................................................२६
**२. स्वास्थ्य सम्बन्धी विवरण** ......................................................................२६
२.१ सुर्तीजन्य पदार्थ सेवन ..............................................................................२६
२.२ मद्यपान सेवन ........................................................................................ २७
२.३ अपाङ्गताको विवरण ................................................................................२८
२.४ नसर्ने रोगको अवस्था ................................................................................२९
२.५ स्वास्थ्य सेवाको प्रयोग .............................................................................. ३०
२.६ सरकारी स्वास्थ्य संस्थाको स्थिति ...............................................................३१
२.७ स्वास्थ्य वीमा ........................................................................................३१
**परिच्छेद -४ सार्वजनिक विवरण** ......................................................................३३
४.१ सार्वजनिक शौचालय विवरण ......................................................................३३
४.२ धार्मिक स्थल सम्बन्धी विवरण ....................................................................३३
४.३ वन उपभोक्ता समिति वा समुह सम्बन्धि विवरण ...........................................३३
४.४ खानेपानी उपभोक्ता समिति वा समुह सम्बन्धि विवरण ................................ ३४
४.५ महिला समुह/कृषक समुह सम्बन्धि विवरण ................................................. ३४
४.६ सामुदायिक भवन/पाटी पौवा .................................................................... ३४
४.७ सार्वजनिक धारा/पोखरी/ताल/नदी नाला .....................................................३५
४.८ बैङ्क, सहकारी संस्था, वित्तीय संस्था, बीमा कम्पनी सम्बन्धी विवरण ....................३५
४.९ उद्योग, कलकारखाना, व्यवसाय सम्बन्धी विवरण ............................................३५
४.१० मनोरञ्जन स्थल-पार्क तथा खेलकुद स्थल ....................................................३६
४.११ पुस्तकालय सम्बन्धी विवरण .....................................................................३६
४.१२ वडामा अवस्थित सरकारी कार्यालयहरुको विवरण ..........................................३६
४.१३ वडामा भएको प्राकृतिक श्रोत ....................................................................३७
४.१४ वडामा रहेको टोल विकास संस्था ...............................................................३७
४.१५ वडामा भएको सरकारी/सार्वजनिक जग्गाहरुको विवरण ....................................३७
४.१६ वडामा रहेका विद्यालयहरुको विवरण.......................................................... ३८
**परिच्छेद -५ अनुसूची** ...................................................................................३९
अनुसूची १ : वडा स्तरीय सर्वेक्षणकर्ताको नामावली ............................................३९
अनुसूची २ : वडा कार्यालयमा कार्यरत कर्मचारीको विवरण ....................................३९
अनुसूची ३ : वडा जनप्रतिनिधिहरुको विवरण.......................................................३९
अनुसूची ४ : घरधुरी सर्वेक्षण फारम.................................................................४०
अनुसूची ५ : सार्वजनिक विवरण संकलन फारम ...................................................४६
अनुसूची ६ : सन्दर्भ सामाग्री .........................................................................५२
अनुसूची ७ : वडा प्रोफाईल लेखनकर्ता/सहयोगी ..................................................५३

# परिच्छेद-१: पृष्ठभूमि

**क. नागार्जुन नगरपालिका संक्षिप्त परिचयः**

नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७२ साल मंसिर १६ गते को नगरपालिका घोषणा पश्चात साविकका ईचङ्गुनारायण, सीतापाईला, रामकोट, भिमढुङ्गा र स्यूचाटार गा.वि.स समेटिएर निर्माण भएको नागार्जुन नगरपालिकामा जम्मा १० वडा रहेका छन् । मध्यमाञ्चल विकास क्षेत्रको बागमति अन्चल, काठमाडौं जिल्ला अन्तर्गत पर्ने यो नगरपालिका हालको नयाँ संरचनामा प्रदेश नं. ३ मा पदर्छ । यसको सिमाना पूर्वमा काठमाडौं महानगरपालिका वडा नं. १३, १४, १५ र १६, पश्चिममा धादिङ्गको धुनिबेसी नगरपालिका, उत्तरमा तारकेश्वर नगरपालिका र दक्षिणमा चन्द्रागिरी नगरपालिका रहेका छन् ।

नेपालको प्रदेश नं. ३ अन्तर्गत काठमाडौं जिल्लामा पर्ने नागार्जुन नगरपालिका देशको मध्य भागमा अवस्थित छ । कुल क्षेत्रफल २९.४ वर्ग कि.मि. मा फैलिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको घरधुरी संख्या १६७४६ छ भने कूल जनसंख्या ६७४२० रहेको छ । जस मध्ये पुरुषको संख्या ३४०६४ (५०.२५%) र महिला ३३३५६ (४९.७५%) रहेको छ । जनसंख्याको घनत्व प्रति वर्ग कि.मी २२६२.४२ जना छ ।

यस नगरपालिका काठमाडौ र धादिङ्ग जिल्लाको सिमानाको रुपमा पनि रहेकोले काठमाडौं–धादिङ्ग वैकल्पिक मार्गको रुपमा पनि रहेको छ । बढ्दो शहरीकरण र जनसंख्या वृद्धिसंगै यस नगरपालिकाको जनसंख्या तथा संरचनामा पनि उल्लेखनीय रुपमा परिवर्तन आइरहेको छ । स्वच्छ, सफा, सुरक्षित र मानवियताको शहरको रुपमा विकसित गर्दै लैजाने क्रममा योजनावद्ध विकास, आन्तरिक र वाह्य स्रोत परिचालन, महिला बालबालिका, दलित, जनजाति,जेष्ठ नागरिक जस्ता लक्षित वर्गहरुको सामाजिक विकास साथै आर्थिक विकासका लागि सीप तथा आयमुलक गतिविधिहरुको माध्यमबाट रोजगारी सृजना, विकास निर्माणमा जनसहभागिता अभिवृद्धि गर्ने जस्ता क्षेत्रहरुलाई प्राथमिकता सहित नीति, कार्यक्रम गर्ने अधिकतम प्रयासरत छ ।

नागार्जुन नगरपालिकाको पहाडको श्रृंखलामा रहेको विभिन्न प्रकारको माटोले बनेको पहाडी भू-भाग रहेको छ । यहाँको प्राकृतिक सम्पदाको रुपमा वन जंगल, पार्क रहेको छ । नागार्जुन नगरपालिकामा उपोष्ण र शमशितोष्ण हावापानीले गर्दा विशेषगरी बैशाख, जेष्ठमा गर्मी हुन्छ भने पुष, माघ महिनामा जाडो हुन्छ । यसको औसत उचाई समुद्र सतहबाट १३०० देखि २५०० मीटर सम्म छ । यस नगरपालिकामा पूर्व मनसुनी वर्षा जेठमा नै सुरु भएपनि जेठको अन्तिमतिर वर्षा सुरु भई असार, साउन, भाद्र महिनामा धेरै वर्षा हुन्छ र असोजसम्म केही वर्षा हुन्छ । भूमध्य सागर तर्फबाट बहने पश्चिमी वायुले फागुन, चैत र बैशाख महिनामा कम वर्षा गराउँदछ ।

जातिय दृष्टिकोणले यस नगरपालिकामा आर्य र मंगोल जातिको बाहुल्यता छ । खासगरी क्षेत्री, ब्राम्हण, नेवार, सन्यासी, तामाङ तथा मगर बसोबास रहेता पनि कम संख्यामा अन्य जातिको पनि बसोबास अधिकांश जनसंख्या हिन्दु र बौद्ध धर्ममा विश्वास राख्ने पाईएको यस नगरपालिकामा जातिय पहिचानका साथ र परम्परागत रुपमा आ-आफ्नो धर्म, संस्कृति, रीति रिवाज अनुसारको

कार्यहरु संचालन गरेको पाईन्छ । यस नगरपालिकाका  बासिन्दाहरु परम्परागत पेशा कृषि, कर्मकाण्ड, नोकरीमा संलग्न भएता पनि हाल आएर विभिन्न व्यापार व्यवसाय, बैदेशिक रोजगार तथा सहकारी संस्था, सरकारी तथा गैह्र सरकारी सेवामा संलग्न भएको पाईन्छ । काठमाडौं सहरको नजिकको क्षेत्र भएकोले पनि यस नगरपालिकामा प्लटिङ, हाउजिङ्ग, उद्योग तथा निर्माण व्यवसाय सम्बन्धी कार्यहरु क्रमश विस्तार हुदै गईरहेको छ ।

यहाका समुदाय विच भाषा, धर्म, संस्कृति, परम्परा तथा मूल्य मान्यताले सामाजिक सद्भाव कायम गर्न महत्वपूर्ण भूमिका खेलेको छ । आत्मियता, अर्न्तसम्बन्ध एवं परम्परागत नेपाली भातृत्वपनले यस नगरपालिकाका वासिन्दाहरुलाई एकतामा बाध्ने काम गरेको छ ।

## ख. भिमढुङ्गाको संक्षिप्त परिचय

नागार्जुन नगरपालिका वडा नं. ८ साविकको भिमढुङ्गा गा.वि.स सिङ्गो एउटै गा. वि. स मिलेर बनेको वडा हो । नागार्जुन नगरपालिकाको १० वटा वडा मध्ये ऐतिहासिक, धार्मिक, सांस्कृतिक साथै विविध जात जातिय परिचय बोकेको वडा नं. ८ भिमढुङ्गा प्राचिन काल देखि नै प्रख्यात छ । पृथ्वीनारायण शाहको गोरखा दरबार देखि काठमाडौं हनुमानढोका दरबारको दशै घरमा भित्राउने फूलपाति यहि भिमढुङ्गाको बाटो भई आउने र भिमसेन मन्दिरमा परिक्रमा गराई लैजाने प्रचलन अहिले पनि जिवितै छ ।

यस ठाउँको नाम भिमढुङ्गा कसरी रहन गयो भन्ने बारेमा पनि रोचक पौराणिक किंवदन्ति रहि आएको छ । यस ठाउँको नाम भिमढुङ्गा रहनुमा यहा अवस्थित भिमसेनको मन्दिर र उनले चढ्ने गरेको ढुङ्गाद्धारा निर्मित डुङ्गासँग जोडिएको किंवदन्तिलाई लिने गरिन्छ । प्रचलित किंवदन्ति अनुसार द्धापर युगमा पाँच पाण्डव मध्येका एक भिमसेन एक दिन भ्रमण गर्दै गर्दा एक विशाल दह (हालको काठमाडौं उपत्यका) मा पुगे । त्यहाँ बाट अगाडी बढ्न डुङ्गामा सवार हुने विचार गरे र उनले एक ढुङ्गाद्धारा निर्मित डुङ्गा बनाई त्यसमा सवार भै दहको चारैतिर डुल्ने गर्न थाले । सोहि क्रममा एकदिन उनको भेट सुप्रभा नगरका दानव राजाकी छोरी प्रभावतीसँग भयो र उनलाई प्रेम गरे र दिनहुँ भेट्ने गरे । एकदिन आफूले चढेको ढुङ्गाको डुङ्गा तालको छेउ अर्थात नागार्जुन डाँडाको फेदमा राखी प्रेम लिलामा मग्न भए । तत् पश्चात तालको छेउमा राखेको डुङ्गा चढेर जाने विचारले अगाडी बढेर आफ्नो डुङ्गा पुरै बाहुवल लगाएर तान्दा पनि बाहिर आएन र त्यहि भासियो । त्यो देखि उनी त्यस ठाउँबाट विलय भए । यसरी भिमसेनको डुङ्गा गायब भएको स्थान पछि अपभ्रंस हुँदै भिमढुङ्गाका नामले नामाकरण हुन गयो ।

पुर्वमा यसै नगरपालिकाको वडा न.६ (रामकोट), दक्षिणमा वडा न.७, पश्चिममा धादिङ्ग जिल्लाको धुनीवेशी नगरपालिका र उत्तरमा नागार्जुन जंगल रहेको यस वडा ६ वर्ग किलोमिटरमा फैलिएर नगरपालिकाको कुल भू-भागको २०.१३ प्रतिशत क्षेत्रफल ओगटेको छ । काठमाडौं उपत्यकाको हनुमान ढोका दरबारबाट करिव ९ कि.मी.पश्चिममा अवस्थित यस वडा संसदिय निर्वाचन क्षेत्र नं. ९ मा पर्दछ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस वडाको कूल जनसंख्या २९१५ (महिला १४३१ र पुरुष १४८४) रहेको थियो ।

पहाडी श्रृखंला रहेको विभिन्न प्रकारको माटोले बनेको पहाडी भू-बनोट रहेको वडामा समथल जमिन, भिरालो जमिन डाँडा-काँडा लगायत प्राकृतिक सम्पदाको रुपमा बन जङ्गल रहेको छ। धादिङ्ग जिल्लालाई काठमाडौं उपत्यकासंग जोड्ने प्रमुख नाकाको रुपमा परिचित भिमढुङ्गा धादिङ्ग जिल्लामा उत्पादित तरकारी,फलफुल तथा दुग्ध सामाग्रीहरु यसै नाका भएर भित्रदै आएको छ।

दुबेचौर, थाप्ले, भिरकोट, भिमसेन स्थान जस्ता पर्यटकीय सम्भावना बोकेको वडामा विभिन्न देवी देवताका मन्दिरहरु पनि प्रशस्त पाईन्छ। हिन्दु र वौद्ध परम्परामा समान आस्था प्रदर्शन गर्ने यहाँका वासिन्दाहरु धार्मिक सहिष्णुतालाई मन पराउदै आएको देखिन्छ । धार्मिक आस्था सहित आ-आफ्नो चाडपर्व मनाउने, पूजा प्राथना गर्ने, धार्मिक कार्यहरु गर्ने, जात्रा-उत्सव, मेला जस्ता सामाजिक रीति-रिवाज स्वीकार्नु यहाँका बासिन्दाहरुको विशेषता हुदै आएको छ।

महभारत पर्वत श्रृखलामा अवस्थित यो भेगमा समशितोष्ण हावापानी पाईन्छ । सुहाउदो प्रकारको हावापानीले गर्दा बस्ती विस्तारको कामहरु यस क्षेत्रमा बढ्दै गईरहेको छ । आम नेपाली समुदायले अङ्गाल्दै आएको कृषि नै मुख्य पेशा रहेता पनि समयानुकुल फलफूल, तरकारी, पोल्ट्री फार्मिङ, फूल खेती जस्ता व्यवसाय पनि बढ्दै गईरहेको छ । विकासका पूर्वाधारहरु मध्ये सडक, खानेपानी, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा समयानुकुल कामहरु प्रगति पथमा नै अगाडि बढी रहेको भिमढुङ्गामा बस्ती बिस्तारको क्रम बढ्दो छ । उपयुक्त सुविधाको खोजी गर्दै बसाई सराई गरेर राजधानी भित्रिने क्रममा यस क्षेत्रमा पनि यसको प्रभाव देख्न सकिन्छ ।

स्थानीय चुनाव पश्चात जनताको माग र विकेन्द्रिकरणको सिद्धान्त अनुरुप वडाको सर्वाङ्गीण विकास तर्फ उन्मुख नगरपालिका अग्रसर रहेकोले प्राथमिकताको आधारमा विकास निर्माणका अत्यावश्यक कामहरु तथा सेवाहरु संचालनमा आइरहेका छन् ।

# परिच्छेद–२: वडा प्रोफाईलको जानकारी

**परिचय र महत्वः**

कुनै पनि वडा कार्यालयले त्यहाँको आवश्यकता पत्ता लगाई आफ्नो योजना बनाउन तथा कार्यक्रमको खाका कोर्नको लागि त्यस स्थानको जनसंख्या, सामाजिक र आर्थिक अवस्था तथा भौगोलिक अवस्थालाई बुझ्न अत्यावश्यक हुन्छ । त्यसका लागि त्यस स्थानको जनसंख्या, सामाजिक, आर्थिक तथा भौगोलिक विवरणको तथ्याङ्क संकलन गरी त्यसअनुरुप योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

नेपालमा २०६८ सालमा पछिल्लो राष्ट्रिय जनगणना सम्पन्न भएको थियो । जनगणनाको समयमा यस नगरपालिका विभिन्न गाविसको रुपमा रहेको थियो । नेपाल सरकारको निर्णय अनुसार काठमाडौं जिल्लाको ईचङ्गुनारायण, सीतापाईला, रामकोट, भिमढुङ्गा र स्यूचाटार गाउँ विकास समितिलाई मिलाएर नागार्जुन नगरपालिका गठन गरिएको हो । तसर्थ यस नगरपालिकाको एकत्रित तथा यकिन तथ्याङ्क हालसम्म पनि बन्न सकेको छैन । त्यस्तै २०६८ सालमा विभिन्न गाविसहरुको रुपमा रहेको यस नगरपालिकाको संरचना, स्वरुप तथा जनसंख्यामा पनि हाल आएर धेरै परिवर्तनहरु आइसकेको हुँदा यस नगरपालिकाको आवधिक यकिन तथ्याङ्क संकलन गर्न आवश्यक रहेको छ । नागार्जुन नगरपालिका वडा नं. ८ मा साविकको भिमढुंगा गाविसका वडाहरु समावेश भएका छन् । यसकारण पनि यस वडाको वस्तुस्थिति तथा जनसंख्याको वास्तविक अवस्थिति पत्ता लगाई सो अनुरुपको वडास्तरीय योजना तर्जुमाको लागि पनि यस वडाको तथ्याङ्क अत्यावश्यक रहेको छ ।

स्थानीय स्वायत्त शासन ऐन र नियमावली अनुसार पनि नगरपालिका भित्रका सार्वजनिक मठ, मन्दिर, पाटी, पौवा, मस्जिद, प्राचिन स्मारक, तालतलैया, पार्क पर्ती जग्गा, सार्वजनिक जग्गा, देवालय तथा अन्य सार्वजनिक सम्पत्तिको अभिलेख राख्ने, संरक्षण गर्ने काम गर्नुपर्छ । यस किसिमको श्रोत र साधनको संरक्षणका लागि पनि तिनीहरुको यथार्थ किटान हुनुपर्छ ।

**उद्देश्यः**

यस सर्वेक्षणको उद्देश्य निम्न रहेको छ :

- वडाको वास्तविक जनसंख्या तथा सामाजिक र आर्थिक अवस्था पत्ता लगाउन
- वडामा रहेका प्राकृतिक तथा भौतिक सम्पदाको लेखाजोखा राख्न
- वडाको विभिन्न पक्षको अवस्था पत्ता लगाई सो अनुरुपको योजना तर्जुमा गर्न
- सबै तथ्याङ्कहरुलाई समावेश गरी 'वडा प्रोफाईल' तयार गर्न

**तयारी विधिः**

यस प्रोफाईल निर्माणमा निम्न विधिहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ :

**क) प्राथमिक श्रोत**

घरधुरी सर्वेक्षण : यसमा वडामा रहेका सबै घरधुरीहरुको तथ्याङ्क संकलन गरिएको छ । यस विधिमा प्रोफाईलमा आवश्यक पर्ने जनसांख्यिक, सामाजिक, आर्थिक, स्वास्थ्य तथा वातावरणीय

दृष्टिकोणबाट प्रश्नावली तयार पारिएका थिए । सो प्रश्नावली अनुसारको तथ्याङ्क संकलन गर्नका लागि गणकहरुको प्रयोग गरिएको थियो । यस कार्य गर्नका लागि गणकहरुलाई २ दिने तालिम मार्फत यस गणनाको उद्देश्य तथा विधिहरुको बारेमा राम्ररी जानकारी दिइएको थियो । तत्पश्चात प्रत्येक घरधुरीमा गई घरका प्रमुख व्यक्तिलाई प्रश्नावलीमा उल्लेखित प्रश्नहरु अन्तर्वार्ताका माध्यमबाट सोधी आवश्यक सूचना संकलन गरिएको थियो ।

स्थलगत अवलोकन : सर्वेक्षण कर्ताहरुले वडाले ओगटेको क्षेत्रको स्थलगत भ्रमण गरी आवश्यक जानकारी संकलन गरेका थिए । स्थलगत अवलोकन मार्फत सार्वजनिक विवरण जस्तै सामुदायिक भवन, खानेपानी, पार्क, खेलकुद मैदान, धार्मिक स्थल, शौचालय आदि कुराहरुको अवस्था बुझिएको थियो । सबै विवरण संकलन गर्ने कार्यमा तयारी प्रश्नावलीको प्रयोग गरिएको थियो ।

श्रोतव्यक्ति अन्तर्वार्ता : यस नगरपालिका र वडाको सार्वजनिक विवरण तथा अन्य महत्वपूर्ण विवरण संकलनको लागि नगरपालिका र वडामा लामो समयदेखि बसोबास गरिरहेका र यस स्थानका बारेमा धेरै ज्ञान भएका श्रोत व्यक्तिहरुको अन्तर्वार्ता लिइएको थियो । विशेषगरी यस स्थानको वस्तुस्थिति, ईतिहास, परम्परा, धर्म, संस्कृति, भौगोलिक अवस्था आदिको बारेमा जानकारी हासिल गर्न सो अन्तर्वार्ता लिइएको थियो । यस विधिमा विभिन्न व्यक्तिहरु पहिचान गरी अन्तर्वार्ता लिइएको थियो भने जानकारीको शुद्धता र वैधानिकताको लागि एक भन्दा बढी व्यक्तिहरुसंग जानकारी लिइएको थियो ।

**ख. द्धितिय श्रोत**

द्धितिय श्रोतका रुपमा विभिन्न प्रकाशन, पुस्तिका, वडाका अभिलेख आदिबाट सुचना तथा जानकारी लिइएको थियो । यसरी लिइएका जानकारीलाई छुट्टै वा प्राथमिक श्रोतको जानकारीलाई प्रमाणित गर्ने आधार बनाई यस पुस्तिकामा प्रयोग गरिएको छ ।

**अध्ययनको क्षेत्र तथा दायरा**

यस अध्ययनमा यस वडा नं. ८ मा स्थायी बसोबास गर्ने सबै घर-परिवारको तथ्याङ्क संकलन गरिएको छ । तर यसै वडामा घर भएको तर परिवारका कुनै पनि सदस्य नबस्ने घरको तथ्याङ्क भने लिईएको छैन । यस्ता घरको संख्या सर्वेक्षणको क्रममा जम्मा ६ वटा भेटिएको थियो । यस अध्ययनको भित्र जनसंख्या, सामाजिक तथा आर्थिक विवरण, वातावरण तथा स्वास्थ्य, धार्मिक स्थल, उपभोक्ता समिति, विभिन्न विषयगत समूह, सामुदायिक भवन, विद्यालय, वित्तिय संस्था, उद्योग, कलकारखाना, पार्क, सेवा केन्द्रहरु सम्बन्धी तथ्याङ्क संकलन गरि विश्लेषण गरिएको छ । संकलित सबै विवरणहरु समावेश गरि वडाको प्रोफाईल तयार गर्ने उद्देश्यले विषयगत क्षेत्रहरुको अध्ययन तथा विश्लेषण गरिएको छ । यस सर्वेक्षणमा एउटै भान्सामा खाना खाने परिवार सदस्यलाई घरधुरीको रुपमा लिईएको छ ।

# परिच्छेद -३ बिषयगत विवरण


## खण्ड क : जनसांख्यिक तथा सामाजिक विवरण

### १. जनसंख्याको आकार

कुनै पनि ठाउँको जनसंख्याको आकार, प्रकार, बनावट त्यहाँको जन्म, मृत्यु र बसाई सराईले असर पारिरहेको हुन्छ। स्थानीय स्तरमा उपलब्ध सेवा-सुविधा, साधन-स्रोत तथा भौगोलिक अवस्थाले त्यस ठाउँको जनसंख्या आकारलाई असर गरिरहेको हुन्छ । त्यसैले ग्रामिण जनसंख्या भन्दा शहरी जनसंख्यामा बृद्धि उच्च रहेको हुन्छ । नगर उन्मुख नागार्जुन नगरपालिकाको वडा नं. ८ (साविक भिमढुङ्गा गा.वि.स) मा २०७४ चैत्र महिनामा गरिएको घरधुरी सर्वेक्षणबाट यस वडामा जम्मा **६७९ घरधुरी** रहेको पाईएको छ । वडाको जम्मा **जनसंख्या ३,१५१** रहेको छ जस मध्ये **पुरुष १६१५ (५१.२%)** र **महिला १५३६ (४८.८%)** रहेको पाईयो । पुरुष-महिलाको अनुपात १.०५ रहेको छ भने यस वडाको औसत परिवार संख्या ४.६ जना रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ मा यस वडाको जनसंख्या जम्मा २९१५ थियो जसमा पुरुष १४८४ र महिला १४३१ थियो । हालको सर्वेक्षणसंग २०६८ सालको तथ्याङ्क तुलना गर्ने हो भने कुल जनसंख्यामा ८.१ प्रतिशतले बढेको देखिन्छ भने पुरुष ८.८% र महिला ७.३% ले वृद्धि भएको पाईयो ।

**चित्र नं.१: वडा नं. ८ (साविक भिमढुङ्गा गा.वि.स) को जनसंख्या विगत र वर्तमान**




### २. उमेर समुह अनुसार जनसंख्याको विवरण

यस वडाको जनसंख्यालाई उमेर समुह अनुसार छुट्याएर हेर्दा यस क्षेत्रमा २०-२९ बर्षका जनसंख्या सबै भन्दा बढी २२.४ % (महिला ११.५%, पुरुष १०.९%) रहेका छन् । दोस्रोमा ३०-३९ बर्षका व्यक्तिहरु अधिक छन् जसको प्रतिशत १८.२ (महिला ८.८%, पुरुष ९.४%) रहेको छ भने ४०-४९

बर्षका व्यक्तिहरुको प्रतिशत १२.० (महिला ५.९%, पुरुष ६.१%) रहेको छ । लैङ्गिक रुपमा जनसंख्याको बनोट हेर्दा प्राय उमेर समुहमा महिला भन्दा पुरुषको संख्या बढी रहेको देखिन्छ । २०-२९ बर्षको उमेर समुह र प्रौढ उमेर समुहमा (६० बर्ष र सो भन्दा माथी) मा भने महिलाको जनसंख्या बढी पाईएको छ । यसरी हेर्दा यस क्षेत्रमा समग्र रुपमा युवा जनशक्तिले कूल जनसंख्याको आधा भन्दा वढी हिस्सा ओगटेको छ । आर्थिक कृयाकलापमा सकृय उमेर १५-५९ बर्ष समुहका जनसंख्या बढी भएकोले यस वडालाई उनीहरुलाई परिचालित गरी विकासका गतिविधिहरु अगाडि बढाउन ठूलो अवसर रहेको छ ।

घरधुरी सर्वेक्षण २०७४ मा ५ वर्ष मुनीका उमेर समुहको जनसंख्या कुल जनसंख्याको ६.२% रहेको छ भने ५-१४ वर्ष उमेर समुहको जनसंख्या १५% रहेको देखिन्छ । ०-१४ तथा ६० वर्ष वा सो भन्दा माथिको उमेर समुहलाई अरुमा निर्भर समुहको रुपमा लिईन्छ । यस दृष्टिकोणमा ०-१४ वर्ष उमेर समुहका जनसंख्या २१.२% र ६० वर्ष वा सो भन्दा माथिको उमेर समुहका जनसंख्या ८.६% रहेको देखिन्छ ।

**टेवल नं. १ : लैङ्गिक रुपमा उमेर समुह अनुसारको जनसंख्या, २०७४**

| उमेर समुह | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ बर्ष भन्दा मुनी | १४ | ०.४ | २० | ०.७ | **३४** | **१.१** |
| १-४ बर्ष | ७३ | २.३ | ८७ | २.८ | **१६०** | **५.१** |
| ५-९ बर्ष | १०३ | ३.३ | १०७ | ३.४ | **२१०** | **६.७** |
| १०-१४ बर्ष | ११८ | ३.७ | १४४ | ४.६ | **२६२** | **८.३** |
| १५-१९ बर्ष | १२५ | ४.० | १५२ | ४.८ | **२७७** | **८.८** |
| २०-२९ बर्ष | ३६२ | ११.५ | ३४५ | १०.९ | **७०७** | **२२.४** |
| ३०-३९ बर्ष | २७५ | ८.८ | २९७ | ९.४ | **५७२** | **१८.२** |
| ४०-४९ बर्ष | १८५ | ५.९ | १९२ | ६.१ | **३७७** | **१२.०** |
| ५०-५९ बर्ष | १३२ | ४.२ | १४६ | ४.६ | **२७८** | **८.८** |
| ६०-६९ बर्ष | ८६ | २.७ | ७३ | २.३ | **१५९** | **५.०** |
| ७० बर्ष र माथि | ६३ | २.० | ५२ | १.६ | **११५** | **३.६** |
| **जम्मा** | **१५३६** | **४८.८** | **१६१५** | **५१.२** | **३१५१** | **१००** |

### ३. बैबाहिक स्थिति

निश्चित उमेर पुगे पछि गरिने वैवाहिक अवस्थाले जनसंख्या वृद्धिमा भूमिका खेलेको हुन्छ । राष्ट्रिय जनगणना २०६८ ले बैबाहिक स्थिति १० बर्ष वा सो भन्दा माथी उमेर भएका जनसंख्यामा विश्लेषण गरेकोले यस वडाको जनसंख्याको वैवाहिक स्थिति पनि सोहि उमेर समुहको जनसंख्यामा हेरिएको छ ।

### ३.१ लैङ्गिक रुपमा बैबाहिक स्थिति

लैङ्गिक रुपमा १० बर्ष वा सो भन्दा माथीको जनसंख्यामा बैवाहिक स्थितिको विश्लेषण गर्दा १६५९ (६०.४%) जनसंख्या बिवाहित रहेका छन् जसमा महिला र पुरुष समान जसो संख्यामा बिवाहित भएको पाईएको छ । त्यस्तै ३३.६% जनसंख्या अबिवाहित रहेका छन् जसमा महिला १३.९% र पुरुष १९.७% छन् । यसैगरी ५.६% विधुवा/विधुर रहेकामा महिला ४.६% तथा पुरुष केवल १.०% छन्  र छुट्टिएर वा कानुनी रुपमै पारपाचुके गरेका व्यक्तिहरु जम्मा ०.४% रहेका छन् ।

**टेवल नं. २ : लैङ्गिक रुपमा वडाको जनसंख्याको बैवाहिक स्थिति, २०७४**

| वैवाहिक स्थिति | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| विवाहित | ८३० | ३०.२% | ८२९ | ३०.२% | **१६५९** | **६०.४%** |
| अविवाहित | ३८१ | १३.९% | ५४२ | १९.७% | **९२३** | **३३.६%** |
| पारपाचुके/छुट्टिएको | ९ | ०.३% | ३ | ०.१% | **१२** | **०.४%** |
| विधुर /विधुवा | १२६ | ४.६% | २७ | १.०% | **१५३** | **५.६%** |
| **जम्मा** | **१३४६** | **४९%** | **१४०१** | **५१%** | **२७४७** | **१००%** |

### ३.२ उमेरगत रुपमा बैबाहिक स्थिति

नेपालको कानुनले विवाह गर्नको लागि कम्तीमा २० वर्षको उमेर तोकेको छ । राष्ट्रिय जनगणना २०६८ ले नेपालमा विवाहको सरदर उमेर पुरुषको २३.८ वर्ष र महिलाको २०.६ वर्ष रहेको देखाएको छ । यस वडा नं. ८ मा उमेरगत रुपमा बैवाहिक स्थिति हेर्दा कम उमेर (२० बर्ष भन्दा कम) मा विवाह गर्नेको संख्या ज्यादै न्युन (९ जना) रहेको पाईएको छ जुन एकदम सकरात्मक पक्ष हो ।


**टेबल नं. ३: उमेर समुह अनुसार वडाको जनसंख्याको बैवाहिक स्थिति**

| उमेर समुह | विवाहित | अविवाहित | पारपाचुके /छुट्टिएको | विधुर /विधुवा | जम्मा |
|---|---|---|---|---|---|
| १०-१४ बर्ष | – | २६२ | – | – | **२६२** |
| १५-१९ बर्ष | ९ | २६८ | – | – | **२६८** |
| २०-२९ बर्ष | ३६१ | ३४३ | २ | १ | **७०७** |
| ३०-३९ बर्ष | ५२३ | ३६ | ६ | ७ | **५७२** |
| ४०-४९ बर्ष | ३५४ | ७ | २ | १४ | **३७७** |
| ५०-५९ बर्ष | २३६ | ७ | १ | ३४ | **२७८** |
| ६०-६९ बर्ष | १२२ | – | – | ३७ | **१५९** |
| ७० बर्ष र माथि | ५४ | – | १ | ६० | **११५** |
| **जम्मा** | **१६५९** | **९२३** | **१२** | **१५३** | **२७४७** |

## ४. शैक्षिक विवरण

नेपालमा विद्यालय शिक्षालाई पूर्व प्राथमिक, प्राथमिक (१-५ कक्षा), निम्न माध्यामिक (६-८ कक्षा), माध्यामिक (९-१० कक्षा) र उच्च माध्यामिक (११-१२ कक्षा) तहमा विभाजन गरी औपचारिक शिक्षा प्रदान गरिदै आईरहेको छ । उच्च शिक्षामा विभिन्न सरकारी तथा गैह्र सरकारी विश्व विद्यालयले योगदान पुऱ्याउने कार्य गर्दै आईरहेका छन् । राष्ट्रिय जनगणना २०६८ ले शैक्षिक विवरण ५ बर्ष वा सो भन्दा माथी उमेर भएका जनसंख्यामा विश्लेषण गरेकोले यस वडाको जनसंख्याको शैक्षिक स्थिति पनि सोहि उमेर समुहको जनसंख्यामा हेरिएको छ । सर्वेक्षणको नतिजा हेर्दा यस वडाको ९०% ( महिला ४१%, पुरुष ४९%) जनसंख्या साक्षर रहेको पाईयो भने १०% (महिला ८%, पुरुष २%) जनसंख्या भने अझै निरक्षर रहेको पाईयो । त्यस्तै यस वडामा निरक्षरको प्रतिशत १०.१% (महिला ७.९%, पुरुष २.२%) रहेको छ जसलाई मध्यनजर गरी निरक्षर जनसंख्यालाई साक्षर बनाउन नगरपालिकाले साक्षरता कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ ।

**चित्र नं. २ वडाको जनसंख्याको साक्षरता स्थिति**




त्यस्तै साक्षर जनसंख्या मध्ये शैक्षिक योग्यताको विश्लेषण गर्दा १-५ कक्षा उत्तीर्ण गरेका जनसंख्या ( ५६७ जना) १९.२% (महिला ८.६%, पुरुष १०.६%) रहेका छन् भने ६-१० कक्षा उत्तीर्ण गर्नेको जनसंख्या (६२६ जना) २१.२% (महिला ८.४%, पुरुष १२.८%) रहेको छ । त्यस्तै प्रवेशिका परिक्षा ( SLC) उत्तीर्ण गरेका (३६५ जना) १२.३% (महिला ४.९%, पुरुष ७.४%) पाईएको छ भने कक्षा १२ वा प्रमाणपत्र तह उत्तीर्ण गर्ने जनसंख्या (४२६ जना) १४.४% (महिला ६.१%, पुरुष ८.३%) रहेको छ । यसैगरी स्नातक उत्तीर्ण गर्नेको प्रतिशत ५.०% (१४७ जना) तथा स्नातकोत्तर वा सो भन्दा माथी अध्ययन गर्नेको प्रतिशत केवल १.४% (४३ जना) छ । यसै गरी वडामा साधारण लेखपढ गर्न जान्नेको हिस्सा १४.५% छ भने १.९% प्रारम्भिक शिक्षा (१ कक्षा भन्दा मुनी) मा भर्ना भएका छन् । स्नात्तकोत्तर तह वा सो भन्दा माथि उत्तीर्ण गर्नेको जनसंख्या न्यून रहेको हुँदा शैक्षिक अभियानका साथै शैक्षिक योग्यताको स्तरोन्नती तर्फ सोच्न जरुरी देखिन्छ । त्यस्तै प्राथमिक तह देखि उच्च शिक्षा हासिल गर्ने सम्म महिलाको संख्या पुरुषको भन्दा कम भएको देखिन्छ ।

**टेबल नं. ४ : वडाको साक्षर जनसंख्या मध्येको शैक्षिक विवरण २०७४**

| शैक्षिक योग्यता | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| साधारण लेखपढ | २७९ | ९.५ | १४९ | ५.० | **४२८** | **१४.५** |
| प्रारम्भिक शिक्षा (१ कक्षा भन्दा मुनी) | २४ | ०.८ | ३२ | १.१ | **५६** | **१.९** |
| १-५ कक्षा उत्तीर्ण | २५५ | ८.६ | ३१२ | १०.७ | **५६७** | **१९.३** |
| ६-१० कक्षा उत्तीर्ण | २४८ | ८.४ | ३७८ | १२.८ | **६२६** | **२१.२** |
| SLC उत्तीर्ण | १४५ | ४.९ | २२० | ७.४ | **३६५** | **१२.३** |
| कक्षा १२/प्रमाणपत्र तह उत्तीर्ण | १८२ | ६.० | २४४ | ८.४ | **४२६** | **१४.४** |
| स्नातक तह उत्तीर्ण | ६४ | २.२ | ८३ | २.८ | **१४७** | **५.०** |
| स्नातकोत्तर तह वा सो भन्दा माथी उत्तीर्ण | १७ | ०.६ | २६ | ०.८ | **४३** | **१.४** |
| **जम्मा** | **१२१४** | **४१%** | **१४४४** | **४९%** | **२६५८** | **९०** |

### ५. पेशाको आधारमा जनसंख्या

वडाको जनसंख्याले अपनाएका मुख्य पेशाको विश्लेषण गर्दा सबै भन्दा बढी कूल जनसंख्याको २४.७% विद्यार्थी (महिला ११.७%, पुरुष १३.०%) रहेका छन् भने दोस्रोमा घरायसी काम गर्ने १७% ( महिला १५.६%, पुरुष १.४%) छन् । त्यस्तै कृषिलाई मुख्य पेशा अपनाएका १६.९% (महिला ७.९%, पुरुष ९.०%) पाईएको छ जुन कृषि नै समग्रमा महत्वपूर्ण पेशा/क्षेत्र रहि आएको परिप्रक्ष्यमा यहाँको नतिजा अपेक्षित नै पाईएको छ भने नोकरी गर्नेको प्रतिशत १३.४ (महिला ३.८%, पुरुष ९.६%) रहेको छ । त्यसैगरी ८.२% जनसंख्या (महिला २.८%, पुरुष ५.४%) व्यापार/व्यवसायमा संलग्न रहेका छन् भने वैदेशिक रोजगारमा जानेको हिस्सा ४.४% (महिला १.३%, पुरुष ३.१%) रहेको छ । त्यस्तै २.४% जनसंख्या (महिला ०.३%, पुरुष २.१%) मजदुरी गर्दछन् भने लगभग १% ले शिक्षण पेशा अपनाएका छन् । जनसंख्याको २% (महिला ०.३%, पुरुष १.७%) बेरोजगार पाईएको छ । १०.१% जनसंख्या जो साना बालबालिका, बृद्धबृद्धा तथा अशक्त पर्दछन् र कुनै पनि काम सक्दैनन् उनीहरुलाई अन्यमा राखिएको छ। धेरै जनसंख्या घरायसी कार्यमा मात्र संलग्न रहेको सन्दर्भमा सो समुहमा शीप मुलक तालिम, आय आर्जन कार्यक्रम, चेतना मुलक कार्यक्रम मार्फत रोजगार प्रदान गरी जीवन स्तर वृद्धि गर्नमा मद्दत पुऱ्याउन सकिन्छ ।

**टेबल नं. ५ : वडाको पेशागत विवरण २०७४**

| पेशा | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि | २४८ | ७.९ | २८३ | ९.० | **५३१** | **१६.९** |
| व्यापार/ व्यवसाय | ८८ | २.८ | १७१ | ५.४ | **२५९** | **८.२** |
| घरायसी काम | ४९० | १५.६ | ४४ | १.४ | **५३४** | **१७.०** |
| नोकरी | १२१ | ३.८ | ३०४ | ९.६ | **४२५** | **१३.४** |
| विद्यार्थी | ३६९ | ११.७ | ४०८ | १३.० | **७७७** | **२४.७** |
| वैदेशिक रोजगार | ४० | १.३ | ९९ | ३.१ | **१३९** | **४.४** |
| मजदूरी | ८ | ०.३ | ६७ | २.१ | **७५** | **२.४** |
| शिक्षक | १६ | ०.५ | १४ | ०.४ | **३०** | **०.९** |
| बेरोजगार | ८ | ०.३ | ५६ | १.७ | **६४** | **२.०** |
| अन्य | १४८ | ४.७ | १६९ | ५.४ | **३१७** | **१०.१** |
| **जम्मा** | **१५३६** | **४८.९%** | **१६१५** | **५१.१%** | **३१५१** | **१००** |

## ५.१ उमेरगत रुपमा वडा वासीको मुख्य पेशा

जनसांख्यिक रुपमा पन्ध्र बर्ष भन्दा मुनी र ६० वर्ष वा सो भन्दा माथिको उमेर समुहलाई अरुमा निर्भर समुहको रुपमा लिईन्छ भने बिचको १५-५९ बर्ष उमेर भएको जनसंख्यालाई आर्थिक कृयाकलापमा सकृय हुने समुहको रुपमा लिईन्छ । तसर्थ यस वडाको जनसंख्यालाई यिनै उमेर समुहमा वर्गीकरण गरी उक्त समुहका जनसंख्याले अपनाउने मुख्य पेशाको विश्लेषण गरिएको छ । सर्वेक्षणले १५-५९ बर्ष उमेर भएको जनसंख्यामा बेरोजगारी दर १.७ % रहेको देखाएको छ । त्यस्तै यस उमेर समुहका १४.१ % मानिस घरायसी काममै व्यस्त हुने गरेको देखाएको छ भने लगभग उत्तिकै जनसंख्या १३.९% ले कृषिलाई मुख्य पेशाको रुपमा अपनाएका छन् । त्यसैगरी कुनै नोकरीमा लाग्नेको प्रतिशत १३.१ रहेको पाईयो भने ७.७ % यस उमेरका व्यक्तिहरु व्यापार/व्यवसायमा गर्ने गरेको पाईयो ।

**टेबल नं. ६ : उमेरगत रुपमा वडाको जनसंख्याले अपनाएका मुख्य पेशा**


| पेशा | १५ बर्ष भन्दा मुनी | | १५-५९ बर्ष | | ६० बर्ष वा सो भन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि | – | – | ४३७ | १३.९ | ९४ | ३.० |
| व्यापार/ व्यवसाय | – | – | २४२ | ७.७ | १७ | ०.५ |
| घरायसी काम | – | – | ४४५ | १४.१ | ८९ | २.८ |
| नोकरी | – | – | ४१४ | १३.१ | ११ | ०.३ |
| विद्यार्थी | ४१३ | १३.१ | ३६४ | ११.६ | – | – |
| वैदेशिक रोजगार | – | – | १३९ | ४.४ | – | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मजदूरी | – | – | ७३ | २.३ | २ | ०.१ |
| शिक्षक | – | – | ३० | १.० | – | – |
| बेरोजगार | १ | ०.० | ५५ | १.७ | ८ | ०.३ |
| अन्य | २५२ | ८.० | १२ | ०.४ | ५३ | १.७ |
| **जम्मा** | **६६६** | **२१.१** | **२२११** | **७०.२** | **२७४** | **८.७** |

## ६. जन्म दर्ताको अवस्था

जन्म दर्ता बालबालिकाको अधिकार सुनिश्चित गर्ने पहिलो अधिकार हो । विभिन्न प्रकारको व्यक्तिगत घटनाहरु मध्ये जन्म दर्ता प्रमुख हो । बालबालिकालाई जन्मिएपछि आफ्नो नाम, राष्ट्रियता र पहिचानको अधिकार हुन्छ । त्यसैले यस वडाको घरधुरी सर्वेक्षणमा १६ बर्ष मुनी बालबालिकाको जन्म दर्ताको अवस्था हेरिएकोमा जम्मा ७१२ बालबालिकाहरु मध्ये ८३% (५९०) बालबालिकाको जन्म दर्ता गरिएको पाइयो भने १२% (८४) को जन्म दर्ता नगरिएको रहेछ र ५% (३८) बालबालिकाको जन्म दर्ताको अवस्था थाहा पाईएन ।

**चित्र नं. ३ : १६ बर्ष मुनी बालबालिकाको जन्म दर्ताको अवस्था**





## ७. जातीगत विवरण

जातीगत रुपमा हेर्दा यस वडामा मुख्य रुपमा ब्राम्हण/क्षेत्रीहरुको बाहुल्यता भएको देखिन्छ । वडाको जम्मा घरधुरी ६७९ संख्याको आधी भन्दा धेरै ३४७ (५१.१%) ब्राम्हण/क्षेत्रीहरुको घर रहेको छ । त्यस्तै एक-तिहाई अन्य जनजातीहरुको (३३.६%) बसोबास रहेको पाईएको छ जस अन्तर्गत यस वडामा तामाङ समुदाय नै प्रमुख जनजाती हो । त्यस्तै दलितहरुको ९.०% र नेवारहरु जो जनजातीमा पनि पर्छन उनीहरुको ६.३% घर रहेको छ ।

जनसंख्याको आधारमा हेर्दा कूल जनसंख्याको ५२.८% ब्राम्हण/क्षेत्रीहरु रहेका छन् भने दोस्रोमा अन्य जनजातीका मानिसहरु रहेका छन् जसको प्रतिशत ३२.१ रहेको छ । त्यस्तै दलितहरु ८.५% रहेका छन् भने नेवारहरुको जनसंख्या ६.६% रहेको छ ।


**चित्र नं. ४ : वडाको जातीगत विवरण**




## ८. धर्मको आधारमा घरधुरी तथा जनसंख्या

नेपाली समाजको उत्पत्ती देखि नै नेपाल धर्ममा आधारित देश रहदै आईरहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा ८१.३४% हिन्दु धर्म मान्ने जनसंख्या पाईएको छ। सोहि नतिजा अनुसारकै यस वडामा पनि बहुसङ्ख्यक घरधुरी (८७.२%) हिन्दु धर्म मान्ने रहेका छन् । त्यस्तै ९.७% घरधुरीले बौद्ध धर्म अवलम्बन गर्ने पाईयो भने ३.१% घरधुरीहरुले क्रिश्चियन धर्म मान्ने गरेका छन् ।

**चित्र नं. ५ : धर्मको आधारमा वडाको घरधुरी विवरण**



**धर्मको आधारमा जनसंख्या**

कुन धर्म मान्ने भन्ने कुरा व्यक्ति विशेषको कुरा हो तथापी यस सर्वेक्षणमा घरधुरीको सबै परिवार सदस्यले एउटै धर्म मानेको हुन्छन् भन्ने सोचाईमा वडाको जनसंख्यालाई वर्गीकरण गरिएको छ । यस आधारमा विश्लेषण गर्दा यस वडाको कूल जनसंख्याको ८८.०% मानिसहरुले हिन्दु धर्म मान्ने गरेको पाईयो भने ९.०% जनसंख्याले बौद्ध धर्म र ३.०% ले क्रिश्चियन धर्म मान्ने गरेको पाईयो ।

**टेबल नं. ७ : धर्मको आधारमा वडाको जनसंख्या**


| धर्म | जनसंख्या* | प्रतिशत |
|---|---|---|
| हिन्दु | २७७१ | ८८.० |
| बौद्ध | २८५ | ९.० |
| क्रिश्चियन | ९५ | ३.० |
| **जम्मा** | **३१५१** | **१००** |

**घरधुरीका सबै जनाले एउटै धर्म मानेका हुन्छन् भन्ने धारणामा आधारित भएर ।*

**९. मातृभाषाको आधारमा घरधुरी तथा जनसंख्या**

नेपालमा १२३ भन्दा बढी मातृभाषा बोलिदै आईरहेको छ । नेपालको कुल जनसंख्याको ४४.६% ले नेपाली भाषालाई मातृ भाषाको रुपमा बोल्दै आईरहेका छन् भने तामाङ भाषा (५.१%) पाँचौ स्थानमा छ भने नेवारी भाषा (३.२%) छैठौं स्थानमा छ । यसै सन्दर्भमा यस वडा नं. ८ मा ६६% घरधुरीको मातृभाषा नेपाली रहेको छ । त्यसपछि २८.७% घरधुरीको मातृभाषा तामाङ रहेको छ भने नेवारी भाषा बोल्ने ४.९% र मगर भाषा बोल्ने ०.४% रहेका छन् । जनसंख्याको रुपमा भन्नुपर्दा कूल जनसंख्याको ६७% ले नेपाली भाषालाई आफ्नो मातृभाषाको रुपमा बोल्दै आएका छन् भने २७.१% जनसंख्याको मातृभाषा तामाङ रहेको छ । त्यस्तै ५.४% जनसंख्याको मातृभाषा नेवारी पाईयो भने केवल ०.४% जनसंख्याको मातृभाषा मगर रहेको पाईयो ।

**चित्र नं. ६ : वडाको मातृभाषाको विवरण**



# खण्ड ख : आर्थिक विवरण

आर्थिक अवस्थाले देश, क्षेत्र, नगर वा गाँउपालिकाको समष्टिगत अवस्थाको चित्रण गरेको हुन्छ । आम्दानी, खर्च, पेशा, रोजगारी, व्यवसाय, वित्तिय अवस्था जस्ता विषयले आर्थिक अवस्थाको विश्लेषण गर्न सहयोग गर्दछ । पर्यटन, उद्योग, बन-जङ्गल, जडीवुटी, प्राकृतिक मनोरम स्थल, ऐतिहासिक धार्मिक सम्पदा र क्षेत्रहरु नै आर्थिक विकासका प्रमुख सम्भावना सम्भावनाहरु हुन् । आर्थिक विकासको खाका निर्माण गरी आर्थिक परिसुचकमा सुधार गर्ने तथा जोखिम पहिचान गरी लगानी योग्य क्षेत्रमा सुधारात्मक थालनी गरिने कार्यलाई जोड दिदै कृषि तथा पर्यटनको दिगो विकासमा लागि  पर्नु जरुरी देखिन्छ । स्थानीय साधन तथा पूँजी र प्रविधिको प्रयोगमा जोड दिदै सेवा सुविधा र उत्पादनमा विविधिकरण अगाडी बढाउने कार्य तर्जुमा गर्नु पर्दछ ।

यस क्षेत्रको विकासलाई आर्थिक पक्षसँग जोडेर हेर्दा यहाँको रहनसहन, घरको प्रकार, आम्दानीको श्रोत, जग्गा जमिन, इन्धन, खानेपानी, शौचालय आदिको अवस्था, परिवारमा उपलब्ध सुविधाहरु आदि पक्षलाई तुलना गरेर हेर्न सकिन्छ । यसरी यी पक्षहरु केलाउँदा यस क्षेत्रमा शहरीकरणको प्रभाव राम्रै रुपमा देख्न पाइन्छ । ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा रुपान्तरण हुँदै गइरहेको यस वडामा ग्रामीण र शहरी दुबै किसिमका अवस्थाको सम्मिश्रण देख्न पाइन्छ ।

यस वडामा निम्न विषय-वस्तुहरुको आधारमा यस वडाको आर्थिक अवस्था हेर्न खोजिएको छ ।

### १. घरको प्रकार

व्यक्तिको आर्थिक स्थितिको झल्को उसको भएको घरको प्रकारले पनि झल्काउँछ । यस वडामा रहेका ६७९ घरमध्येमा ४७.९ प्रतिशत घरहरु जस्ता वा टीनले छाएका छन् भने ३५.३ प्रतिशत घरहरु सिमेन्टबाट बनेका छन् । त्यस्तै १४.३ प्रतिशत घरहरु माटो र ढुंगाले बनेका छन् भने १.८ प्रतिशत घरहरु माटो र बाँस/नर्कटले बनेका छन् । बाँकी ०.७ प्रतिशत घरहरु अन्य सामाग्रीको प्रयोगले बनेका छन् ।


**टेबल नं. ८ : वडामा रहेको घरको प्रकार**

| घरको प्रकार | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| सिमेन्टेड (ढलान) | २४० | ३५.३ |
| माटो र ढुंगा | ९७ | १४.३ |
| माटो र बाँस/नर्कट | १२ | १.८ |
| जस्ता/टीन | ३२५ | ४७.९ |
| अन्य | ५ | ०.७ |
| **जम्मा** | **६७९** | **१००** |

## २. घरको स्वामित्वको स्थिति

यस वडामा रहेका ६७९ घरमध्येमा ९४.१% (६३९ घरधुरी) आफ्नै स्वामित्वमा भएको पाईएको छ भने १.८%     (१२ घरधुरी) भाडामा लिएर बसोबास गर्दै आएको पाईयो भने अन्यमा ४.१% (२८ घरधुरी) जुन संयुक्त स्वामित्व भएको, गुठीको नाममा रहेको आदि पर्दछ ।

**चित्र नं. ७ : घरको स्वामित्वको स्थिति**




### लैङ्गिक रुपमा घरको स्वामित्वको स्थिति

आफ्नै घरमा बसोबास गरेको मध्ये ७४.३ प्रतिशत घरहरुमा पुरुषको स्वामित्व रहेको छ भने २५.७ प्रतिशत घरहरुमा महिलाको स्वामित्व रहेको पाईएको छ । यसरी हेर्दा सम्पत्तिमा समान अधिकारको कुरा संविधानमा सुनिश्चित भएता पनि अझै पनि सम्पत्तिमा समानता कायम हुन नसकेको र सम्पत्तिको स्वामित्वमा पुरुषको वर्चश्व कायम नै रहेको देख्न सकिन्छ ।

**टेबल नं. ९ : लैङ्गिक रुपमा रहेको घरको स्वामित्वको स्थिति**

| घरको स्वामित्वको स्थिति | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| पुरुषको स्वामित्व | ४७५ | ७४.३ |
| महिलाको स्वामित्व | १६४ | २५.७ |
| **जम्मा** | **६३९** | **१००** |

## ३. आम्दानीको मुख्य श्रोत

बढ्दै गइरहेको आधुनिकीकरण, शहरीकरण र विकासको गतिसँगै देशकै प्रमुख पेशाको रुपमा रहेको कृषिलाई अन्य पेशाले विस्थापन गर्दै लगेको परिप्रेक्ष्यमा यस वडामा पनि कृषि पेशासँगै अन्य पेशाहरु पनि बढ्दै गइरहेको देखिन्छ । कृषिमा आधुनिकरणको कमि तथा वैज्ञानिक तवरले खेती

नगर्नाले उत्पादकत्वमा कमी आए संगै यस क्षेत्रमा क्रियासिल व्यक्तिहरु अन्य पेशामा लाग्न थालेका छन् । कृषिमा व्यवसायीकरण, यान्त्रीकरण र विविधिकरण गरी कृषि क्षेत्रको रुपान्तरण गरी सरकारी, निजी साझेदारी तथा सहकारी मार्फत कृषि पेशाालाई आम्दानीको पेशा बनाई आय आर्जन गर्ने, रोजगारी सिर्जना गर्ने र खाद्य तथा पोषण सुरक्षामा जोड दिन जरुरी देखिन्छ । यस वडाका ४३.७ प्रतिशत घरधुरीको आम्दानीको मुख्य श्रोत कृषि रहेको छ भने २७.७ प्रतिशतको आम्दानीको मुख्य श्रोत नोकरी, १८.३ प्रतिशतको आम्दानीको श्रोत व्यापार व्यवसाय, ६.९ प्रतिशतको ज्याला मजदुरी, २.७ प्रतिशतको रेमिट्यान्स र ०.७ प्रतिशतको अन्य (सामाजिक सुरक्षा भत्ता, बैङ्कबाट प्राप्त बचतको ब्याज) रहेको छ ।

**टेबल नं. १० : वडामा रहेको परिवारको मुख्य आम्दानीको श्रोत**

| आमदानीको मुख्य श्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २९७ | ४३.७ |
| व्यापार / व्यवसाय | १२४ | १८.३ |
| नोकरी | १८८ | २७.७ |
| मजदुरी | ४७ | ६.९ |
| रेमिट्यान्स | १८ | २.७ |
| अन्य (सामाजिक भत्ता, ब्याज) | ५ | ०.७ |
| **जम्मा** | **६७९** | **१००** |

### ४. ईन्धनको प्रयोग

हाल शहरीकरणको प्रभावले एल.पि.जी. ग्यासको बढ्दो प्रयोग हुँदै गइरहेता पनि वनजङ्गल नजिकै रहेका तथा काठ दाउराको उपलब्धताका कारण इन्धनको लागि दाउराको प्रयोग पनि उत्तिकै मात्रामा हुने गरेको छ । ईन्धनको लागि अन्य वैकल्पिक उपायको प्रयोग भने न्यून रहेको पाईयो । ५३.३ प्रतिशत घरधुरीमा ईन्धनको लागि दाउराको प्रयोग गर्ने गरिएको पाईयो भने ४५.२ प्रतिशत घरधुरीमा एल.पि.जी.ग्यासको प्रयोग, १.२ प्रतिशतमा गोबर वा बायोग्यास तथा ०.३ प्रतिशतमा ईन्धनको रुपमा मट्टितेलको प्रयोग हुने गरेको पाईयो । कुनै घरधुरीमा पनि विद्युत ईन्धनको श्रोतको रुपमा प्रयोग भएको पाईएन ।

**टेबल नं. ११ : वडाका घरधुरीले प्रयोग गर्ने ईन्धनको किसिम**

| ईन्धनको प्रयोग | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| विद्युत | ० | ० |
| एल.पि.जी ग्यास | ३०७ | ४५.२ |
| गोबर/बायोग्यास | ८ | १.२ |
| मट्टितेल | २ | ०.३ |
| दाउरा | ३६२ | ५३.३ |
| **जम्मा** | **६७९** | **१००** |

## ५. खानेपानीको मुख्य श्रोत

खानेपानीको मुख्य श्रोत सम्बन्धी अध्ययन गर्दा ६१.१ प्रतिशत घरधुरीले सार्वजनिक धारा, इनार वा कुवाको पानी खानेपानीको मुख्य श्रोतको रुपमा प्रयोग गर्ने गरेको पाईयो भने ३७.१ प्रतिशतले आफ्नै धारा, इनार वा कुवाको पानी खानेपानीको मुख्य श्रोतको रुपमा प्रयोग गर्ने गरेको पाईयो । त्यस्तै १८ प्रतिशतले खानेपानीको लागि अन्य श्रोत जस्तै बोटलको पानी प्रयोग गर्ने गरेको पाइएको छ । खोलाको पानीलाई खानेपानीको मुख्य श्रोतको रुपमा कसैले पनि उपभोग नगरेको देखियो ।


**टेबल नं. १२ : वडाको घरघुरीको खानेपानीको मुख्य श्रोत**

| खानेपानीको मुख्य श्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै धारा/इनार/कुवा | २५२ | ३७.१ |
| सार्वजनिक धारा/इनार/कुवा | ४१५ | ६१.१ |
| खोला | ० | ० |
| अन्य (बोटलको पानी) | १२ | १.८ |
| **जम्मा** | **६७९** | **१००** |

## ६. पानी शुद्धिकरणको विधि

सुरक्षित पानीको प्रयोगले स्वास्थ्य प्रवद्धनमा महत्वपूर्ण भूमिका खेल्छ । असुरक्षित पानीको प्रयोग गर्नाले विभिन्न संक्रमण जन्य रोगहरुको सिकार भईन्छ । तसर्थ पानी पिउनु अगाडी यसलाई घरायसी तहमा नै पिउन योग्य बनाउनु अत्यन्त जरुरी हुन्छ । वडाका प्रत्येक घरमा पानी शद्धिकरणको विधि बारे जिज्ञासा राख्दा २८.७ प्रतिशत घरधुरीले खानेपानी शुद्धिकरणको लागि फिल्टर विधि प्रयोग गरेको पाईयो भने २१.८ प्रतिशतले पानी उमालेर खाने गरेको पाईयो । त्यस्तै २.८ प्रतिशतले सोडिस प्रविधिबाट र ०.६ प्रतिशतले क्लोरिन प्रयोग गरि पानी शुद्धिकरण गर्ने गरेको पाईयो । अझै पनि ४६.१ प्रतिशत घरधुरीले शुद्धिकरणको कुनै पनि विधि प्रयोग नगरी पानी खाने गरेको अध्ययनले देखाएको छ ।

**चित्र नं.८ : वडाका घरधुरीले अपनाउने पानी शुद्धिकरणको विधि**



### ७. शौचालयको अवस्था

सरसफाईको वानी व्यवहारको सही अवलम्वनबाट मानिसमा रोग लाग्ने सम्भावना कम हुन्छ । चर्पीको प्रयोग, वालवालिकाको दिसाको उचित व्यवस्थापन, साबुन पानीले हात धुने, वरिपरीको वातावरण स्वच्छ र सफा राख्नु महत्वपूर्ण व्यवहारहरु हुन् । खुला दिशामुक्त क्षेत्र घोषणा पश्चात प्रायः घरमा शौचालय बनिसकेको अवस्था भएपनि अझैपनि केही घरमा शौचालय नबनिसकेको अवस्था छ । यसै विषयमा वडा वासीहरुमा शौचालयको अवस्था बारे सोध्दा ८९.८ प्रतिशत घरमा फ्लस/सेप्टी ट्याङ्की भएको शौचालय रहेको पाईयो भने ७.५ प्रतिशत घरमा खाल्डे चर्पी रहेको पाईयो । त्यस्तै १.२ प्रतिशत घरमा अन्य किसिमका चर्पी रहेको पाईयो भने १.५ प्रतिशत घरमा चर्पी नै नभएको अवस्था पाईएको छ ।

**टेबल नं. १३ : वडाको घरघुरीको शौचालयको अवस्था**

| शौचालयको अवस्था | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| फ्लस/सेप्टी ट्याङ्की | ६१० | ८९.८ |
| खाल्डे चर्पी | ५१ | ७.५ |
| चर्पी नभएको | १० | १.५ |
| अन्य | ८ | १.२ |
| **जम्मा** | **६७९** | **१००** |

### ८. घरपरिवारमा उपलब्ध सुविधाहरु

